# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल


प.सं.
च.नं.

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

## प्रेस विज्ञप्ती

सोलुदुधकुण्ड नगरपालिकाको छैठौं नगरसभा मिति २०७७ असार १० गते प्रारम्भ भई र आज २०७७ असार ३१ गते समापन भएको छ ।नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा सम्पन्न भएको नगर सभामा नगर उप-प्रमुख श्री कल्पना राईज्यूले प्रस्तुत गर्नु भएको आर्थिक ऐन-२०७७, विनियोजन विधेयक-२०७७ र आर्थिक वर्ष २०७७/७८ को बजेट, नीति तथा कार्यक्रम नगरसभाले व्यापक छलफल गरी अनुमोदन गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ को प्रगति समिक्षा र नगरपालिकाले हासिल गरेका उपलब्धिहरु सहितका क्षेत्रगत नीति तथा कार्यक्रम र कोभिड -१९ को महामारीबाट पर्ने असरलाई न्यूनीकरण गर्ने नीतिहरु अवलम्बन गरिने गरी नीति तथा कार्यक्रम ल्याईएको छ । नीति तथा कार्यक्रमले क्रमश: स्वास्थ्य सेवाको विस्तार तथा सेवा प्रवाहमा सुधार, स्थानीयस्तरमा रोजगार सृजना, कृषि उत्पादन वृद्धि तथा पशुपन्छी पालनमा प्रोत्साहन, निर्माणाधिन भौतिक पूर्वाधारको सम्पन्न र भौतिक पूर्वाधारको स्तरोन्नती अन्तर्गत पूल निर्माण, सडक स्तरोन्नति तथा खानेपानी तथा ढल निर्माण, शिक्षाको निरन्तरता तथा गुणस्तरमा सुधार, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माण, पारदर्शी र उत्तरदायी तथा जवाफदेही सेवा प्रवाहलाई प्राथमिकता तोकेको छ ।

नगर सभामा जनप्रतिनिधिहरु निर्वाचित भए पश्चातका देहायअनुसारका मुख्य उपलब्धीहरु प्रस्तुत भइ नगरपालिकाका गतिविधिहरु सबैलाई जानकारी भएको छ।

<u>मुख्य उपलब्धिहरु</u>

- कुल ११४.०७ किलो मीटर सडक ट्र्याक ओपन भएको छ भने ४७ कि.मी. सडक स्तरोन्नती भई वर्षभरी सवारी साधन नियमित चल्न सक्ने भएका छन्।

शारदा माया तामाङ
प्रवक्ता


Ph. No :- 038-520264 Fax No :- 038-520248 Website :- www.solududhkundamun.gov.np
Email :- solududhkundamun@gmail.com, info@solududhkundamun.gov.np

- सबै वडामा सडकको सहज पहुँच पुगी जनताहरुको जनजीवन सहज भएको छ ।
- सिकारी डाँडा-चट्याङघाट र चौंगेस्थान मा. वि. केरुङदेखि वागमसम्मको बाटो ग्राबेल गरिएको छ ।
- बेनी लोदिङ सोल्नासा खोलाहरुमा ३ वटा बेलिब्रिज निर्माण सम्पन्न खोरिया जोड्ने १ वटा आर.सि.सी. पक्की पूल निर्माण भइसकेका छन् भने सल्लेरी - रोशी -कुनिखोप- घुन्सा जोड्ने सोलुखोलामा १ वटा र सिसाखोला चट्याङघाटमा १ वटा बेलिब्रिज निर्माणाधीन अवस्थामा छन् ।
- फाप्लु देखि टाक्सिन्दु ३० कि. मी. र सल्लेरीदेखि सिलगुडिसम्म २० कि. मी. कालोपत्रे गर्न ए. डी. वी. को सहयोगमा सर्वेक्षणको काम सुरु भइसकेको छ ।
- ४ वटा झोलुङ्गे पूल तथा ट्रस ब्रिजहरु निर्माण भईसकेका र २ वटा निर्माणका क्रममा रहेका छन् ।
- ७ वटा सम्भावित आयोजनाहरुको डि.पि.आर. निर्माण भईसकेका छन ।
- विभिन्न स्थानमा १६ वटा कल्भर्टहरु निर्माण गरिएको छ ।
- फाप्लु, सल्लेरी, नयाँबजार र पत्तालेमा सडक बत्ती जडान तथा रोग्दिङ, थुम्लिङ, साल्मेमा विद्युत विस्तार सम्पन्न र दिम्सेस तथा कुनिखोपमा बिजुली विस्तारको कार्य भईरहेको छ ।
- १६ वटा खानेपानीका आयोजनाहरु निर्माण भईसकेका छन् ।
- फाप्लु र दोर्पुको ढल व्यवस्थापनको कार्य सुरु भईसकेको छ भने सल्लेरी बजार बीचको ढलान सम्पन्न हुने क्रममा रहेको छ ।
- गुम्बा तथा मठ मन्दिरहरुको मर्मत तथा जिर्णोद्धार, सामुदायिक भवनहरु निर्माण शौचालय निर्माण, स्वास्थ्य केन्द्रहरुको मर्मत जस्ता सार्वजनिक संरचनाहरु ६५ वटा भन्दा बढी सम्पन्न भईसकेका छन ।
- पुनःनिर्माण प्राधिकरण र नगरपालिकाको सहकार्यमा भूकम्पबाट क्षति भएका सार्वजनिक भौतिक संरचनाहरु तथा निजी आवासहरुको पुनःनिर्माणका कार्यहरु धेरै जसो सम्पन्न

शारदा माया तामाङ
प्रवक्ता

भईसकेका छन् भने निर्माणाधीन संरचनाहरु पनि चाँडै सम्पन्न गर्ने गरी कार्यहरु भइरहेका छन्।

- कोभिड - १९ को व्यवस्थापनका लागि राहत, उद्धार तथा क्वारेन्टाइनको व्यवस्थापन गरी प्रकोप न्यूनीकरण गर्ने व्यवस्था गरिएको छ । लकडाउनका कारण घर फर्कन नपाएका नगरवासी तथा अन्य स्थानीय तहका नागरिकहरुको उद्धार गरिएको छ । फाप्लु, सल्लेरी, गोराखानी र टाप्टिङमा व्यवस्थित क्वारेन्टाइन बनाईएको छ भने गार्मास्थित पर्वतारोहण प्रतिष्ठानको भवनहरुलाई तयारी अवस्थामा राखिएको छ । यस नगरपालिकाले तयार पारेको क्वारेन्टाइनमा नगरवासी लगायत् अन्य पालिकाका नागरिकले समेत सेवा लिएका छन्। पि.सि.आर. परिक्षण लगायतका कार्यमा स्वास्थ्यकर्मीहरुको परिचालन गरिएको छ ।सावधानीका उपायहरु अपनाईएको कारण कोभिड-१९ संक्रमण नियन्त्रणमा राख्न सकिएको छ । लक्षित वर्गका लागि स्वास्थ्य सेवालाई घर दैलोमा पुर्‍याईएको छ ।
- स्वास्थ्य सेवा सुविधा विस्तार कार्यका लागि ३ स्थानहरु क्रमशः वडा नं. ६ को खोरिया, वडा नं. ४ को लुरा र वडा नं. १० को लुम्सामा स्वास्थ्य इकाईहरु निर्माण गरी जनशक्ति सहित सञ्चालनमा ल्याईएका छन् ।
- ज्येष्ठ नागरिक र अशक्तहरुको घरमै स्वास्थ्य परीक्षण तथा सुत्केरी भेटघाट कार्यक्रम कार्यान्वयनमा आएको छ ।
- मातृ मृत्युदर शून्य भएको छ भने नवजात शिशु मृत्युदर अति न्यून रहेको छ । यो स्वास्थ्य क्षेत्रमा यस नगरपालिकाले प्राप्त गरेको ठूलो उपलब्धि पनि हो ।
- अपाङ्गहरुलाई परिचय पत्र प्रत्येक वडाहरुमा गएर वितरण गरिएको छ भने क्षमता विकासका तालिमहरु समेत सञ्चालन गरिएको छ ।
- किसानहरुलाई उन्नत जातका बिउ बिजन तथा उन्नत जातका पशुपंक्षीका सन्तानहरु वितरण गरिनुका साथै कृषकहरुलाई प्रोत्साहन तथा सम्मान गरिएको छ ।
- कृषि विकासलाई प्राथमिकतामा राखेर पकेट क्षेत्र तोकी कृषकहरुलाई अनुदान तथा

शारदा माझी तामाङ
प्रवक्ता

सामग्रीहरु वितरण तथा क्षमता विकास गरी उत्पादन बढाउँदै लगिएको छ । कृषकहरुलाई पशुपालनमा व्यवसायीकरण तथा आयआर्जन गर्ने माध्यम बढाउन सञ्चालित कार्यक्रमहरुले परिणाम देखाउन थालेको छ ।

- जिल्ला अस्पताल फाप्लुमा ३० वेडको सुविधा सम्पन्न अत्याधुनिक भवन निर्माणका लागि आवश्यक पहल कदमी लिई हाल निर्माणाधीन अवस्थामा रहेको छ ।
- नगरपालिकाको पहलमा संघीय सरकारबाट आयोजना सञ्चालनमा ल्याई फाप्लु एयरपोर्टको पार्किङ सहित स्तरोन्नती भएको छ।
- यस नगरपालिकाले सञ्चालनमा ल्याएको एम्वुलेन्सले लक्षित वर्गलाई छुट सहित नियमित सेवा दिई बिरामीहरुका लागि सहज बनाईएको छ सो बाट यस नगरपालिका लगायत् अन्य पालिकाका नागरिकले समेत  एम्वुलेन्स सेवा लिईरहेका छन् ।
- आगलागी नियन्त्रणका लागि दमकल खरिद गरी सञ्चालनमा ल्याई नगरक्षेत्र सुरक्षित बनाईएको छ ।
- स्थानीय तहका जनप्रतिनिधिहरुले निर्माण कार्यहरुमा आफ्नो निजी मेसिनहरु प्रयोग गरी अपारदर्शी ढंगले काम गरेको भन्ने भनाईलाई असत्य सावित गर्दै विकास निर्माणका लागि नगरपालिकालाई आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु डोजर, ट्रिपर, ब्याक हो लोडर र रोलर खरिद गरी विकास निर्माणलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याईएको छ ।
- चालू आर्थिक वर्षसम्ममा १९ वटा विद्यालयका पक्की भवन निर्माण सम्पन्न भइसकेका छन् भने २ वटा विद्यालय भवन निर्माणाधीन अवस्थामा छन् । २५ वटा शौचालय निर्माण भईसकेका छन् । पुनःनिर्माण मार्फत केही विद्यालय निर्माण भईसकेका छन् भने १० वटा चालू वर्षमा निर्माणका क्रममा छन् त्यसै गरी ९ वटा खानेपानी तथा शौचालय निर्माणका चरणमा रहेका छन ।
- ११ वटा विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना भएका छन् । १० वटा विद्यालयमा आइ.सि.टी. ल्याव स्थापना भईसकेका छन्। सोलुखुम्बु जिल्लामा सबैभन्दा पहिले सोलुदुधकुण्ड नगरपालिकाले गुणस्तर सुधारका लागि प्रधानाध्यापकलाई जिम्मेवार

शारदा माया तामाङ
प्रवक्ता

बनाउन कार्यसम्पादन करार संझौता गरिएको छ ।

- बाली विज्ञानको पढाई गरिरहेको गार्मा मा.वि.लाई स्थायित्व दिन अनुदान उपलब्ध गराई पूर्वाधार निर्माण गरी पठनपाठनमा सहज बनाईएको छ ।
- स्थानीय पाठ्यक्रम तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।
- महिला, दलित, जनजाति, बालबालिका, ज्येष्ठ नागरिक लगायतका लक्षित वर्गको क्षमता विकास तथा सेवा, सुविधा विस्तारका कार्यक्रमहरु सञ्चालनमा ल्याई मूलधारमा समाहित गरिदैं ल्याईएको छ ।
- नगरपालिकाभित्र १० वटा माछा फर्म निर्माण भई उत्पादन तथा बिक्री वितरण भईरहेका छ।
- नगरपालिकालाई सुशासन तथा पारदर्शी बनाउन विभिन्न माध्यमबाट नगरपालिकामा सञ्चालन हुने कार्यहरु सार्वजनिक गर्ने गरिएको छ। सूचना प्रविधिको प्रयोगलाई निरन्तर विस्तार र विकास गरिदै लगिएको छ ।
- सञ्चार सेवालाई प्रत्येक स्थानीय तहमा पुऱ्याउन नेटवर्क कमजोर रहेका क्षेत्रहरु बेनी, गोराखानी र टाक्सिन्दु डाँडाँ र गार्माको तोजिङमा नेपाल टेलिकमको टावर स्थापना भएको छ। नेपाल टेलिकममार्फत नगर क्षेत्रभित्र गुणस्तरीय सञ्चार सेवाका लागि अप्टिकल फाइबर विच्छ्याउने काम सुरु भइसकेको छ ।
- पर्यटन विकासका लागि सरोकारवालाहरुको सहभगितामा अन्तर्क्रिया सञ्चालन गरी आगामी कार्ययोजनालाई मार्ग निर्देश गर्ने सूझावहरु प्राप्त भएको छ र उक्त सूझावलाई कार्यान्वयनका लागि सरोकारवालाहरुसँग छलफल सुरू भएको छ ।
- टाप्टिङ, केरुङ र गोराखानीमा ग्रामीण विद्युतीकरणको काम सुरु भइसकेको छ ।
- सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा उल्लेखनीय सुधार भएको छ। सिसाजन्य तथा नष्ट हुन धेरै समय लाग्ने खालका प्लाष्टिकहरुको निषेधले वातावरण सुधार भएको हुँदा नगरपालिकाले स्वच्छ नगरको पहिचान बोकिसकेको छ ।
- फोहोरमैला उचित व्यवस्थापनका लागि जग्गा खरिद गरी व्यस्थापन भईरहेको छ ।

शारदा माया तामाङ
प्रवक्ता

- फाप्लुमा बसपार्क निर्माण गर्नका लागि आवश्यक जग्गा निःशुल्क प्राप्त गरिएको छ ।
- सल्लेरी बसपार्क र दोर्पु जीप पार्क स्तरोन्नती भएको छ ।
- लक्षित वर्गका लागि आरन सुधारका लागि अनुदान वितरण सुरु गरिएको छ ।
- न्यायिक समितिमार्फत नगरपालिकामा दर्ता हुन आएका उजुरीहरु समयमा फछ्यौंट हुने गरेका छन् ।आ.व. २०७६/७७ मा १७ वटा मध्ये १३ वटा फैसला भईसकेका र ४ वटा लकडाउनका कारण फैसला हुन सकेका छैनन् साथै तिङ्ला हाइड्रोका ३० वटा उजुरीहरु किनारा लागिसकेका छन्।
- महालेखा परीक्षकको प्रतिवेदनमा परेका बेरुजुहरु फछ्यौंट भएको छ र बेरुजु कम गराउन प्राप्त सुझावहरु कार्यान्वयनमा ल्याईएको छ ।

चालू वर्षका लागि आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकार, प्रदेश सरकार तथा आन्तरिक स्रोतबाट प्राप्त हुने कूल बजेट रु ५३ करोड १० हजार ५ सय ९० अनुमान गरिएको छ । अनुमानित कूल आम्दानीको सीमाभित्र रही विभिन्न विषयगत क्षेत्रहरु समेट्ने गरी चालूतर्फ रु. २६ करोड ९० लाख ६८ हजार २ सय र पूँजीगततर्फ रु २६ करोड ९ लाख ४२ हजार ३ सय ९० को व्यय अनुमान प्रस्तुत गरिएको छ ।

नगरसभाबाट पारित कूल बजेटमध्ये देहायका विषय तथा क्षेत्रलाई समेटी बजेट विनियोजन गरिएको छ।

क) स्वास्थ्य सेवा प्रवाह कार्यक्रमहरुमा ४ करोड ९७ लाख ३० हजार,
ख) शिक्षा विकास तथा सेवा प्रवाह कार्यक्रमहरुमा २० करोड ८८ लाख ११ हजार,
ग) ट्र्याक ओपन, सडक मर्मत, गोरेटो जस्ता सडक निर्माण कार्यक्रममा ८७ लाख ३० हजार,
घ) सडक स्तरोन्नती कार्यक्रममा १ करोड १७ लाख ५० हजार,

शारदा माया तामाङ
प्रवक्ता

ङ) खानेपानी तथा ढल निकास,कल्भर्ट,स्ल्याव निर्माण तथा मर्मत कार्यक्रममा १ करोड ६८ लाख २५ हजार,

च) सार्वजनिक भवन तथा वडा कार्यालय भवन निर्माण कार्यक्रममा १ करोड ४७ लाख ३० हजार,

छ) पूलहरु निर्माण तथा मर्मत कार्यक्रममा ३ करोड ३१ लाख ९० हजार,

ज) ह्यूमपाईप, तारजाली, ग्याविन पाईप पहिरो रोकथाम विपद् व्यवस्थापनका कार्यहरु सम्बन्धी कार्यक्रममा ५७ लाख २४ हजार,

झ) ऊर्जा तथा विद्युत विकास र उद्योगसम्बन्धी कार्यक्रमहरुमा १ करोड ३८ लाख ५० हजार,

ञ) कृषि विकास तथा पशुपालन अभिवृद्धि कार्यक्रममा १ करोड १६ लाख ६१ हजार,

ट) लक्षित वर्गका लागि क्षमता विकास, सहयोग तथा मूलप्रवाहीकरण कार्यक्रममा १ करोड १७ लाख १६ हजार,

ठ) पर्यटन पूर्वाधार तथा प्रवर्द्धन कार्यक्रममा १९ लाख,

ड) धर्म तथा संस्कृतिको संरक्षण,सम्वर्द्धन कार्यक्रममा १ करोड २६ लाख ४० हजार,

ढ) वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रममा १५ लाख,

ण) युवा, खेलकुद तथा रोजगार कार्यक्रमहरुमा १ करोड २ लाख ३७ हजार,

त) संसाधन, संस्थागत क्षमता विकास र सु-शासन तथा सेवा प्रवाह सुधार कार्यक्रमहरुको लागि ६० लाख ५३ हजार,

थ) विभिन्न कोष तथा विविध शिर्षकमा ५५ लाख ६९ हजार,

द) नगरपालिका प्रशासनिक चालू खर्चतर्फका क्रियाकलापहरुमा ७ करोड ३ लाख ५ सय नब्बे,

ध) वडागत चालू खर्चमा ५५ लाख,

न) आ.व.२०७६/७७ को दायित्व चालूतर्फ भूक्तानी हुन बाँकी १ करोड र पूँजीगततर्फ रु. १ करोड ९५ लाख ९५ हजार

शारदा माया तामाङ
प्रवक्ता

सोलुदुधकुण्ड नगरपालिका
༄༅། །སོལ་དུང་ཀུམ་གྲོང་ཁྱེར་ཕྱོགས་...
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

प.सं.
च.नं.

कूल बजेटमध्ये चालूतर्फ निम्नानुसार बजेट विनियोजन गरिएको छ।

क)शिक्षक तलब भत्तातर्फ रु. १६ करोड ६ लाख,

ख)स्वास्थ्य कर्मचारी तलब भत्तातर्फ रु.३ करोड १५ लाख,

ग) रोजगार संयोजक, एम.आइ.एस अपरेटर लगायतका कर्मचारीहरुको तलब भत्ता रु.६६ लाख ६७ हजार ६ सय १०

घ) नगरपालिकाको प्रशासनिक चालू खर्च रु.७ करोड ३ लाख ५ सय ९०

अन्त्यमा, नगरसभाबाट बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सरोकारवालाहरुमा नगरपालिका हार्दिक धन्यवाद दिन चाहान्छ। साथै आगामी दिनमा कार्यान्वयनका लागि सबैको सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।।

मितिः २०७७ साउन १ गते

शारदा माया तामाङ
प्रवक्ता

शारदा माया तामाङ
प्रवक्ता